अन्नपूर्ण गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः २, मितिः २०८२ साल मंसिर २८ गते

भाग -२

“आधारभूत अस्पताल स्थापना तथा संचालन कार्यविधि २०८२”

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/२३

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार १५ शय्या सम्मको अस्पताल/ स्वास्थ्य संस्थाहरु स्थानीय सरकारले आफै स्थापना गर्न तथा संचालन गर्न सक्ने गरी स्थानीय सरकारले एकल अधिकार क्षेत्रभित्र समावेश भएको र यस पालिका भित्रका नागरिकहरुले आफ्नै पालिका भित्र चिकित्सकीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा अन्नपूर्ण गाउँपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका गाँउ कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम अन्नपूर्ण गाउँपालिकाको "आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "अस्पताल" भन्नाले अन्नपूर्ण गाउँपालिकाले संचालन गरेको अन्नपूर्ण आधारभुत अस्पताललाई सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल संचालक तथा व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरूमध्ये सबैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोकेबमोजिमको कर्मचारीलाई सम्झनुपर्छ।

(घ) "सदस्य" भन्नाले अस्पताल संचालन समितिका सदस्यलाई सम्झनुपर्छ।

(ङ) "ऐन" भन्नाले अन्नपूर्ण गाउँपालिकाको "स्थानीय स्वास्थ्य सेवा ऐन, २०७९"लाई सम्झनुपर्छ।

(च) "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(छ) "कार्यविधि" भन्नाले आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्झनुपर्छ।

(ज) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषद् बाट अनमुति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(झ) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका, कास्कीलाई सम्झनुपर्छ।

(ञ) "गाउँपालिका क्षेत्र" भन्नाले अन्नपूर्ण गाउँपालिका, कास्कीको भू-भाग सम्झनुपर्छ।

(ट) "समिति" भन्नाले दफा ३ बमोजिम गठित आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ठ) "शाखा" भन्नाले अन्नपूर्ण गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

परिच्छेद-२

अस्पताल व्यवस्थापन समितिको गठन तथा संचालन

३. समितिको गठन:

(१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) स्वास्थ्य क्षेत्रमा कृयाशिल स्थानीय स्वास्थ्य क्षेत्रको विज्ञमध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक दलित महिला सहित दुई जना - सदस्य

(च) अध्यक्षले तोकेका स्वास्थ्य क्षेत्रमा योगदान पुर्याउनु भएका एक जना महिला सहित तिन जना – सदस्य

(छ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ज) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(झ) अस्पतालको दैनिक प्रशासनिक कार्य गर्न तोकेको स्वास्थ्यकर्मी - सदस्य

(ञ) अस्पताल प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ, इन्जिनियर, जनप्रतिनिधि तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ।

४. पदावधि :

समितिको पदावधि नियुक्ति भएको मितिले ५ (पाँच) वर्षको हुनेछ तर, पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वत: समाप्त हुनेछ।

५. पदावधि रिक्त हुने : निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीन पटक समितिको वैठकमा अनपुस्थित भएमा,

(घ) फौजदारी अभियोग प्रमाणित भएमा,

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणीत भएमा।

६. काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दिगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) अस्पतालको नियमित संचालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।

(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने।

(ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चिचतताको लागि आवश्यक प्रवन्ध मिलाउने ।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवं वृद्धि विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) सर्वसुलभस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चितता गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ज) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितत गर्न आवश्यक कार्यहरू गर्ने ।

(झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समुह समेतलाई मध्यनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन, तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको व्यवस्थापन गर्ने ।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासन, जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई शुद्धिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(थ) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(द) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(ध) अस्पताल सञ्चालनको लागि गाउँपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने।

(न) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने।

(प) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना ई.एच.एम.आइ.एस. डिजिटलाईजेसन तयार गरी डि.एच.आई.एस.२ मा तथ्याङ्क प्रविष्ट गर्ने।

(फ) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन लगायत प्रचलित कानुन र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने।

(ब) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु संचालन गर्ने।

(भ) अस्पतालको दैनिक प्रशासनिक/लेखा सम्बन्धी काम गर्न १ जना स्वास्थ्यकर्मी छनोट गर्ने |

(म) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

७. समितिको बैठक र सञ्चालन विधि :

(१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुई महिनाको एक पटक समितिको बैठक बोलाउन पर्नेछ तर आवश्यकता अनुसार अन्य अवस्थामा पनि बैठक बस्न सक्नेछ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैन।

(४) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ |

(५) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

परिच्छेद-३

कोष तथा लेखा परीक्षण

८. अस्पतालको कोष:

(१) अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ।

(२) अस्पताल संचालन तथा व्यवस्थापनको लागि समितिको नाममा छुट्टै बैंक खाता संचालन हुनेछ|

(३) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछ र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोर्ने छ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम।

(ख) गाउँपालिकाबाट प्राप्त रकम।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम।

(च) अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम।

(छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनदुान वा सहयोग रकम।

(ज) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (२) को खण्ड (छ)बमोजिमको रकम प्राप्त गर्नुअघि प्रचलित कानून बमोजिम स्वीकृत लिनुपर्नेछ।

(४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मुल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदपुयोग गर्न सक्नेछ।

९. कोष तथा खाता संचालन :

(१) व्यवस्थापन समिति र अस्पतालको आय व्यय दुरूस्त राख्न समितिले निर्णय गरी तोकीएका २ जना कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ।

(२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानून बमोजिम संचालन हुनेछ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

१०. लेखा परीक्षण :

(१) अस्पताल व्यवस्थापन समितिले तोकिएबमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

(२)आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ।

(३) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकवाट हुनेछ।

११. बैठक भत्ता: समितिका सदस्यहरूले तोकिएबमोजिमको बैठक भत्ता पाउनेछन्।

१२. सेवा शुल्क सम्बन्धी व्यवस्था: अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ तर नि:शुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइने छैन।

परिच्छेद-४

जनशक्ति, औषधी तथा उपकरणको व्यवस्थापन

१३. कर्मचारी व्यवस्थापन:

(१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरवन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

(क) स्थायी–नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवाबाट पदपूर्ति हुने स्थायी जनशक्ति

(ख) करार- करार सेवामा भर्ना गरिएका जनशक्ति

(ग) अभ्यासकर्ता - छात्रवृति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा गाउँपालिकाको सहयोग प्राप्त गरी छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी।

(घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वैच्छिक सेवा उपलव्ध गराएका व्यक्तिहरु

(ङ) विभिन्न शैक्षिक सस्थाहरूबाट इन्टनसिप (OJT) विध्यार्थीहरू

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले गाउँपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धात्मक पद्वति अनुरुप प्रचलित कानुन बमोजिम वा गाउँपालिकाको कार्यविधि अपनाउन पर्नेछ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुबिधा प्रचलित कानुनमा व्यवस्था भएबमोजिम समितिले कार्यपालिकामा सिफारिस गर्नेछ।

(५) यो कार्यविधि प्रारम्भ हुँदाका वखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुविधाको लागि कार्यापालिकामा सिफारिस गर्न सक्नेछ।

(६) नियमित वाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुविधा उपलव्ध गराउन कार्यपालिकामा सिफारिस गर्न सक्नेछ।

(७) कार्यपालिकाले व्यवस्थापन समितिको सिफारिसमा जनशक्तिको दरवन्दी संशोधन गर्न सक्नेछ।

(८) कार्यालय प्रमखुको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ।

(९) अस्पतालका प्रमुखसंग प्रमखु प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसंग अस्पताल प्रमुखले कार्यसम्पादन करार गर्नुपर्नेछ।

(१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ।

(११) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ।

(१२) समितिले गाउँपालिकासंग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासंगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

१४. अभ्यासकर्ता सम्बन्धी व्यवस्था:

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्युनतम शैक्षिक योग्यता पुगी सम्बन्धित परिषद्मा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीहरुलाई अस्पतालले प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ।

१५. कर्मचारी तथा स्वास्थ्यकर्मिहरूको सेवा सुविधा

कर्मचारी तथा स्वास्थ्यकर्मिहरुको (सम्पूर्ण सेवा, सुविधा, रात्रिकालिन सेवा) थप सेवा सुबिधाको रकम समितिको सिफारिसमा कार्यपालिकाले तोकेबमोजिम हुनेछ | साथै अतिरिक्त समय, सट्टा बिदा लगायतका सुविधा नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ बमोजिम हुनेछ।

१६. अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकारः

(१) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम् सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने।

(२) अस्पताल सञ्चालनका लागी सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्ने।

(३) अस्पताल सञ्चालनका लागी वार्षिक बजेट, कार्यक्रम तयार गरी समितिमा पेस गर्ने।

(४) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिवृद्धि गर्न, स्तरोन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोकेबमोजिम कार्यपालिका वा माथिल्लो निकायमा प्रस्ताव गर्ने।

(५) अस्पतालको कार्यालय प्रमुख भई कामकाज गर्ने।

१७. प्रशासनिक कार्य गर्न तोकिएको स्वास्थ्यकर्मीको काम, कर्तव्य र अधिकारः

(१) अस्पतालको दैनिक प्रशासनिक तथा लेखा प्रणालीको कार्य गर्ने |

(२)अस्पतालको दैनिक सेवा सञ्चालन गर्न व्यवस्थापन समिति, गाउँपालिका तथा अन्य निकायहरुसँग समन्वय गर्ने।

(३) अस्पताल व्यवस्थापन समितिको निर्णय निर्देशन कार्यान्वयन गराउने।

(४) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिवृद्धि गर्न, स्तरोन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोकेबमोजिम गर्ने।

(५) गाउँपालिका, समिति र अस्पताल प्रमुखले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

१८. औषधी खरीद, भण्डारण तथा वितरण:

(१) गाउँपालिकाबाट नि:शुल्क वितरण गर्ने औषधी तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गर्ने औषधी अपर्याप्त भएमा गाउँपालिकासंगको समन्वयमा अस्पतालले आवश्यक औषधी खरीद गर्न सक्नेछ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरीद योजना बनाई गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने छ।

(३) अस्पतालले निःशुल्क उपलव्ध गराउने औषधी नियमित रुपमा उपलव्धताको व्यवस्था गर्नुपर्नेछ र नेपाल सरकारले नि:शुल्क भनि तोकेका सेवाबापत कुनै शुल्क लिन पाईने छैन |

(४) अस्पतालले अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तरतर कायम गर्न नेपाल सरकारले तोके को मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ।

(६) औषधी आपूर्ति तथा वितरणलाई पारदर्शी वनाउन अस्पताल प्रमुखले एक जना स्टोर किपर तोक्ने छ।

(७) उपदफा(६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउनपुर्ने र दैनिक औषधीको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्नेछ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवस्थापन समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ।

(९) प्रेस्कृप्सन अनसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछ।

(क) औषधीको सेवन विधि र मात्रा

(ख) औषधीको सेवन अवधि

(ग) औषधीबाट हुनसक्ने प्रति असर

(घ) औषधी सेवन अवधिभर अपनाउनपुर्ने सावधानी

(ङ) औषधी सुरक्षित राख्ने स्थान र विधि

(१०) औषधी वितरण गर्दा औषधी विक्री वितरण सम्बन्धी संहिता र औषधी सम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्नेछ।

(११) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधी उपकरणको विवरण पठाउनु पर्नेछ।

(१२) निःशुल्क वितरण गरिने औषधी तथा सेवा बाहेकका सेवाको सन्दर्भमा पालिकाको साधन श्रोतले भ्याएसम्म निशुल्क सेवा प्रदान गर्ने व्यवस्था क्रमशः प्रदान गर्दै लानुपर्नेछ|

१९. फार्मेसी संचालन गर्ने :

(१) नि:शुल्क औषधी वितरण तथा अस्पतालमा आवश्यक औषधी विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ।

(२) फार्मेसी मार्फत विक्री वितरण गर्ने औषधीको व्यवस्थापन अस्पताल संचालन समितिको सिफारिसमा गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वयमा अस्पतालले गर्नेछ।

(३) फार्मेसी संचालन सम्वन्धी अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ।

२०. एम्बुलेन्स संचालन :

(१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ।

(२) एम्बुलेन्स संचालन गर्दा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम हुनेछ।

(३) एम्बुलेन्स संचालन सम्बन्धी थप कुराहरु गाउँपालिकाको कार्यपालिकाले कार्यविधि पारित गरी कार्यान्वयनमा आएपछि सोहि बमोजिम हुनेछ|

२१. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन :

(१) अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ।

(२) अस्पतालमा संभव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आकस्मिक उपचार कक्षमा सवैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

(४)अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार नि:शुल्क उपलव्ध गराउनपुर्नेछ र आधारभूत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बिमा भएको हकमा सोही बिमाबाट र बिमा नभएको वा बिमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरिने छैन। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिका आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलव्ध गराउनु पर्नेछ र सो बिरामीको हकमा स्वास्थ्य संस्था वा वडाको सिफारिस अनिवार्य आवश्यक हुनुपर्नेछ|

२२. सेवा व्यवस्थापन:

(१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरू, सल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपछु-दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पूर्वधार र उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

(२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ।

(३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार र समय) खुल्ने गरी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ।

(५) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नेछ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ।

(७) बिरामी वा बिरामीको रेखदखे गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरुक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरुक्षा व्यवस्था गरेको हुनेछ ।

(१०) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका‌लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनपुर्नेछ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलव्धता गराउनु पर्नेछ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलगअलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफासुग्घर राख्नुपर्नेछ ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, लुगा, कपडा, तन्ना, तकिया, खोल, रुमाल जस्ता सामान धुनको लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपूर्ति हुनुपुर्नेछ ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक व्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(१८) अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शय्याको १० प्रतिशत निःशुल्क उपचार अनिबार्य रुपमा उपलब्ध हुनेछ साथै थप नि:शुल्क उपचार गर्नुपर्ने अवस्था आएमा समितिको निर्णय अनुसार हुनेछ ।

(१९) उपदफा (१८)बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकाको स्वास्थ्य शाखामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनपुर्नेछ । साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मतसम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ।

(२१) अस्पतालको भवन, सवारीसाधन, मेसिनरीऔजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने व्यबस्था हुनुपर्नेछ ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ ।

(२३) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनपुर्नेछ। यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनुपर्नेछ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा संचालन गर्न समितिले छुट्टै कार्य संचालन निर्देशिका तयार गरी लानुपर्ने छ।

(२६)अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ। साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नुपर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(२७) स्वास्थ्य सेवा संचालन र प्रावधान सम्बन्धी अन्य व्यवस्था प्रचलित, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

परिच्छेद-५

सुचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

२३. अस्पताल सूचना प्रणाली:

(१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना गाउँपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलव्ध गराउनुपर्ने छ।

(३) अस्पतालवाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनुपर्नेछ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको अनुसूची -१ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नुपर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ।

(७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियनान संचालन गरी जनसमदुायलाई जानकारी गराउनेछ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोकेबमोजिम प्रेषण तथा डि.एच.आई.एस.टुमा प्रविष्ट गर्नुपर्ने छ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

(११) अस्पताल र यसको ब्यबस्थापन (प्राबिधिक तथा प्रशासनिक कुराहरु) का बिषयमा पालिका र स्वास्थ्य शाखाले कुनैपनि बेला अनुगमन, सुपरिवेक्षण तथा निर्देशन दिन सक्नेछ|

२४. गुनासो व्यवस्थापन:

(१) अस्पतालले सवैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनपुर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ।

२५. प्रेषण सम्बन्धी व्यवस्था:

(१) उपचारको लागि आएको बिरामीलाई उपयक्तु कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर, अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुनसक्ने अबस्था हुँदाहुँदै प्रेषण गर्न पाइने छैन।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सोको अद्यावधिक सुची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउन पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ।

(४) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलव्ध गराउनुपर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न वाधा पुग्नेछैन ।

(७) प्रेषण गर्दा गर्भवती / प्रसुती अवस्थाका महिलाहरुलाई सम्भव भएसम्म नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ साथै सो सम्बन्धमा अस्पतालमा एम्बुलेन्स सेवा उपलब्ध हुने अवस्था आएको खण्डमा वा पछी कुनै प्रक्रियाबाट एम्बुलेन्स प्राप्त हुन आएमा सो पछी बन्ने एम्बुलेन्स संचालन कार्यविधि बमोजिम हुनेछ साथै गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्चसम्बन्धी व्यवस्था गाउँपालिकाको एम्बुलेन्स संचालन कार्यविधिले तोके बमोजिम हुनेछ।

(९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकीकरण गर्न सक्नेछ ।

(१०) अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेख गरी अनुसूची -२ बमोजिमको डिस्चार्ज सारंश दिनुपर्नेछ ।

(क) विरामीको परिचय-पत्र नं.

(ख) मुख्य समस्याहरू

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश

(घ) तत्काल गरिएको परीक्षणको सारांश

(ङ) उपचारको क्रममा भेटिएका तथ्य

(च) उपचारको क्रममा अपनाइएको प्रकृया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) उपचारको क्रममा गरिएको विवरण

(झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्वति, औषधीको मात्रा, प्रकृया तथा अवधि

(ञ) पुन: आउनुपर्ने वा नपर्ने जानकारी

(ट) निदानात्मक जाँचहरूको रिपोर्टको सारांश

(ठ) अन्य आवश्यक कुराहरू

२६. मृत्यु सम्बन्धी व्यवस्था

क. अस्पतालको आकस्मिक वा बहिरंगमा सेवा लिन आएका बिरामी मध्ये कुनै बिरामीको मृत्यु हुन गएमा अनुसूची-४ बमोजिमको मृत्यु प्रमाणपत्र प्रदान गर्नुपर्नेछ |

परिच्छेद-६

विविध

२७. अस्पतालको छाप: अस्पतालको सम्पूर्ण कामकारबाहीको निमित्त एउटा छुट्टैछाप हुनेछ । छापको नमुना र आकार अनुसूची -३ मा उल्लेख भए बमोजिम हुनेछ।

२८. अस्पतालको संगठन संरचना: अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ। सङ्गठन संरचना प्रचलित कानुन बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ।

२९. साझदोरी गर्न सक्नेः अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउँपालिकासंग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझदोरीमा गर्न सक्नेछ।

३०. वार्षिक प्रतिवेदन पेस गर्ने: समितिले बर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र गाउँपालिको स्वास्थ्य शाखा समक्ष पेस गर्नुपर्नेछ।

३१. निर्देशन पालना गर्नुपर्ने: कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

३२. गाउँपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने: गाउँपालिकाको स्वीकृति विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुदैन।

३३. अधिकार प्रत्यायोजन गर्न सक्ने: समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

३४. कार्यविधिको पालना गर्नुपर्ने : यस कार्यविधिको पालना गर्नु गाउँपालिका भित्रको सरकारी अस्पतालको दायित्व हुनेछ।

३५. व्याख्या गर्ने अधिकार: यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ।

३६. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

३७. संशोधन गर्नुपरेमाः यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संशोधन गर्नुपरेमा कार्यपालिकाबाट संशोधन हुनेछ।

अनुसूची - १

(दफा २३ को उपदफा ४ सँग सम्वन्धित)

अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा

नागरिक बडापत्र

सि.न	शाखा/वार्ड	प्रदान गरिने सेवाको विवरण	सम्बन्धित सम्पर्क व्यक्ति	प्रक्रिया	लाग्ने समय	शुल्क	गुनासो सुन्ने अधिकारी

अनुसूची - २

(दफा २५ को उपदफा १० संग सम्बन्धित)

डिस्चार्ज सारांश ढाँचा

....अस्पताल

डिस्चार्ज सारांश

विरामीको नामः उमेरः

विरामीको ठेगानाः सम्पर्क नं.

अस्पतालको वार्डः बेड नंबर:

विरामीको परिचयपत्र नं./दर्ता नं. मितिः

समस्याहरूः

....

....

परीक्षण विवरणः

....

....

उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रक्रिया र पद्धतिः

....

उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः

भर्ना भएको मिति र समयः

उपचार सम्बन्धी विवरणः ....

सिफारिस औषधीको नाम, मात्रा र अवधि ....

डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशनः ....

पुनः अस्पताल आउने (Follow up) सम्बन्धी विवरणः

यस उपचारको क्रममा पुन अस्पताल आउनुपर्ने वा नपर्ने

आउनुपर्ने मितिः

अन्य आवश्यक कुराहरूः

....

इन्चार्जको हस्ताक्षर

अनुसूची - ३

(दफा २६ सँग सम्बन्धित)

अस्पतालको छापको नमुना:

१. छापको नमुना: अन्नपूर्ण गाउँपालिकाको लोगोको तल अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, आधारभुत अस्पतालको नाम र अस्पताल रहेको ठेगाना रहनेछ।

२. छापको आकार : नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची - ४

(दफा २७ संग सम्बन्धित)

मृत्यु प्रमाणपत्रको ढाँचा

अन्नपूर्ण गाउँपालिका (Annapurna Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय (Office of the rural executive
अन्नपूर्ण आधारभूत अस्पताल (Annapurna Basic Hospital)
अन्नपूर्ण -२, कास्की (Annapurna – 2, Kaski)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)

Death Certificate

Name -……………………………………..................Age...........………….Sex……………

Bed no…………………………………................................In pt.no…………………………

Address

…………………………..........................……………………………………………………….

Date of Admission ……………………….........………………………………………………

Date and Time of Death ………………............................………………..…………………..

Diagnosis :

Cause of Death :

प्रमाणिकरण मितिः २०८२/०८/२४

राजपत्रमा प्रकाशन मितिः २०८२/०८/२८

आज्ञाले,
चिरन्जीवी बराल
प्रमुख प्रशासकीय अधिकृत